गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

# बाँझो जग्गामा घाँस खेती गर्न प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

(मन्त्रीस्तरीय निर्णयबाट मिति २०८०/०७/१२ मा स्वीकृत)

(प्रथम संसोधन मिति २०८१/०५/ २८

प्रस्तावनाः खेतीयोग्य बाँझो जग्गाको सदुपयोग गरी घाँसेवाली प्रवर्द्धन मार्फत पशु आहाराको उपलब्धता वृद्धि गरी उत्पादन लागत कम गर्न "बाँझो जग्गामा घाँस खेती गर्न प्रोत्साहन कार्यक्रम" संचालन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

### १.१ आवेदकको योग्यता तथा संस्था छनौटः

क) आवेदक कृषक/फार्म/समूह/समिति/सहकारी संस्था हुनुपर्नेछ।

ख) घाँस खेतीको लागि योग्य बाँझो रहन गएको जग्गामा यस कार्यक्रम संचालन गर्नुपर्नेछ।[1]

ग) भाडामा जग्गा लिई घाँस खेती गर्न ईच्छुक आवेदकले एक वर्षे भुईंघाँस लगाउनको लागि कम्तिमा ५ वर्षको र बहुवर्षे तथा डालेघाँस लगाउनको लागि कम्तीमा १० वर्षको करार सम्झौता पेश गर्नुपर्नेछ।

घ) न्यूनतम ३ रोपनी क्षेत्रफल भएको बाँझो जग्गामा घाँस खेती गर्नुपर्नेछ।

ङ) जिल्लास्थित सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सिफारिस गरेका एकवर्षिय, बहुबर्षिय भुँई घाँस तथा डाले घाँसको खेती गर्नुपर्नेछ।

च) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि एकीकृत कार्यविधि, २०७७ मा व्यवस्था भएको मूल्याङ्कन तथा सिफारिस समितिले बुँदा नं. ३ बमोजिमको मूल्याङ्कनका आधार अनुसार मूल्याङ्कन गरी कृषक वा संस्था छनौट गर्नेछ। सामूहिक वा कृषकस्तरमा घाँस खेती गरि घाँसको सघन उत्पादन क्षेत्रको रूपमा विकास गर्ने प्रस्तावकर्ता आवेदकलाई छनौट गर्दा प्राथमिकता दिईने छ ।

### १.२ आवेदकले पेश गर्नुपर्ने कागजातहरुः

क) आवेदकले निवेदनका साथ बुँदा नं. ४ अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ग) प्रस्तावित बाँझो जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा करार सम्झौताको प्रतिलिपि।

घ) ............[2]

ङ) सम्बन्धित स्थानीय तहका पशु सेवा शाखाबाट कार्यक्रम संचालनमा दोहोरोपन नहुने र बाझो जग्गामा घाँस खेति गर्न प्रोत्साहन अनुदान दिन उपयुक्त हुने व्यहोराको सिफारिस पत्र।

---

[1] प्रथम संसोधनवाट संसोधित

[2] प्रथम संसोधनवाट हटाईएको

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

च) व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि।

२. आर्थिक पक्ष

क) वार्षिक स्वीकृत बजेटको परिधि भित्र रहि स्थलगत अनुगमन प्रतिवेदनका आधारमा बाँझो जग्गामा घाँस खेती गरे बापत प्रति रोपनी अधिकतम रु तीन हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराईनेछ। घाँस खेती गरे पश्चात कम्तिमा एक महिना भित्र घाँस उम्रेको वा सरे/नसरेको अनुगमन गरी रकम भुक्तानीको लागि व्यवस्था गर्नुपर्नेछ।

३.० प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क सं. | मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १.० | **घाँस खेती गरिने बाँझो जग्गाको क्षेत्रफल** | १० |
| १.१ | ३ रोपनी क्षेत्रफलमा घाँस खेती गरे बापत ७ अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि प्रति रोपनी १ अंकका दरले थप गर्दै अधिकतम १० अंकसम्म प्रदान गर्ने | १० |
| २.० | **प्रविधि प्रयोग तथा पशुपालन र घाँस खेतीको अवस्था** | १० |
| २.१ | आवेदकले उत्पादित घाँसबाट हे/साईलेज र हे उत्पादन गरी उपयोग गर्ने वा विक्री गर्ने भएमा | १० |
| २.२ | आवेदक घाँसमा आधारित पशुपालन गर्ने वा उत्पादित घाँस विक्री गर्ने भएमा | ७ |
| ३.० | **लगाउने घाँसको किसिम** | १० |
| ३.१ | डालेघाँस वा बहुवर्षे भुईघाँस लगाउने भएमा वा एकवर्षे भुई घाँस लगाई वीउ उत्पादन र विक्री गर्ने भएमा | १० |
| ३.२ | एक वर्षे वा एक सिजन हुने भुईं घाँस लगाउने भएमा | ७ |
| ४.० | **घाँस खेती गरिने जग्गामा पूर्वाधारको अवस्था** | ५ |
| ४.१ | सडक, सिंचाई र बिजुली जस्ता पूर्वाधारको सुविधा भएको | ५ |
| ४.२ | सडक, सिंचाई र विजुली मध्ये कम्तिमा १ वटा सुविधा भएको | ३ |
| ४.३ | सडक, सिंचाई र विजुली जस्ता कुनै किसमको पुर्वाधारको सुविधा उपलब्ध नभएको | २ |
| ५.० | **बाँझो जग्गा सदुपयोग सम्बन्धी योजना** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि ५ अंक सम्म प्रदान गर्न सक्ने) | ५ |
| ६.० | **घाँस खेतीको स्वरूप** | १० |
| ६.१ | ५० रोपनी वा सो भन्दा बढी घाँसको सघन क्षेत्र विस्तार | १० |
| ६.२ | २५ देखि ५० रोपनी घाँसको सघन क्षेत्र विस्तार | ७ |

[1] प्रथम संसोधनवाट संसोधित

[2] प्रथम संसोधनवाट हटाईएको

| | | |
|---|---|---|
| ६.३ | ३ देखि २५ रोपनी घाँसको सघन क्षेत्र विस्तार | ३ |
| | जम्मा | ५० |

४.० प्रस्तावको ढाँचा:

क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदकको नाम: | ठेगाना: |
| बाँझो जग्गा भएको स्थानको ठेगाना: | प्रोपाईटर/अध्यक्ष/कृषकको नाम:<br>सम्पर्क नः |

ख) बाँझो जग्गा सम्बन्धी विवरण:

- घाँस खेती गरिने बाँझो जग्गाको क्षेत्रफल:
- बाँझो जग्गाको कित्ता नं.
- जग्गाधनीको नाम:
- बाँझो रहन सुरु भएको मिति:

ग) खेती गरिने घाँस सम्बन्धी विवरण:

| क.सं. | खेती गरिने घाँसको नाम | लगाईने क्षेत्रफल (रोपनीमा) | घाँस लगाईने मिति |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

घ) व्यवसायिक योजना:

- कृयाकलाप:
- नविनतम सोच:
- उत्पादित घाँसको उपयोग/बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?
- पशुपालन र उत्पादनको अवस्था:

ङ) अन्य विषय केही भए उल्लेख गर्नुहोस् ।

[1] प्रथम संसोधनवाट संसोधित

[2] प्रथम संसोधनवाट हटाईएको